Diploma Programme
Programme du diplôme
Programa del Diploma

# Nepali A: literature – Standard level – Paper 1
# Népalais A : littérature – Niveau moyen – Épreuve 1
# Nepalés A: literatura – Nivel medio – Prueba 1

Wednesday 4 May 2016 (afternoon)
Mercredi 4 mai 2016 (après-midi)
Miércoles 4 de mayo de 2016 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

### Instructions to candidates

- Do not open this examination paper until instructed to do so.
- Write a guided literary analysis on one passage only. In your answer you must address both of the guiding questions provided.
- The maximum mark for this examination paper is **[20 marks]**.

### Instructions destinées aux candidats

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez une analyse littéraire dirigée d'un seul des passages. Les deux questions d'orientation fournies doivent être traitées dans votre réponse.
- Le nombre maximum de points pour cette épreuve d'examen est de **[20 points]**.

### Instrucciones para los alumnos

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un análisis literario guiado sobre un solo pasaje. Debe abordar las dos preguntas de orientación en su respuesta.
- La puntuación máxima para esta prueba de examen es **[20 puntos]**.



2216 – 0143

© International Baccalaureate Organization 2016

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

कुनै **एक** उद्धरणको मात्र साहित्यिक विश्लेषण लेख्नुहोस् । तपाईंका उत्तरले तल दिइएका दुईवटा निर्देशित प्रश्नहरूलाई सम्बोधन गरेको हुनुपर्छ :

**1.**

“ए, यो त आइपुगेछ”, आमाको आवाज आयो । ढोकाछेउ उभिनुभएको रैछ । पत्झडमा सुकेको किम्बुको रूखझैं । हातमा दुई बोतल सलाइन र केही सिरिन्ज थिए । ढोका थर्थराइरहेकै थियो ।

“अँ, भर्खरै आको हुम् । काँ जानु भाथ्यो ?”

“औषधि लिन । एक्लै थिएँ, कताकता भ्याउनु ! तँ आइपुगिछस्, सास आयो ।”

मैले आमालाई नियालें - खोइ त्यो ओंठको सूर्यमुखी ? खोइ त्यो पुक्क गाला ? खोइ त्यो लामो कपाल ?

नकोरेको कपाल थोत्रो कुचोझैं पातलिइसकेको थियो । भित्रसम्म धस्सिएको गालामा कालाकाला धब्बा आएछन् । अनुहारभरि फैलेछन्, बुढ्यौली र निरासाका धर्केधर्का । मैलो चोलो पनि शरीरमा टाँगेजस्तो । आमा मुस्कुराउन खोज्नुभो तर दाँतमात्र देखियो । मेरो अनुहारको छाला अनायास तन्कँदै गयो, उप्किन्छ कि जस्तो । हतारमा आमाका गोडा छुन खोज्दा भरिएको गाग्रीबाट पानीझैं आँसु छल्कियो ।

“किन रुन्छ यो ?” आमाको आवाज काँप्यो ।

तुवाँलो लागेझैं मेरा अगाडिका सारा दृश्य धमिलिंदै गए, आमाको अनुहार पनि । आमाका ओठ काँपिरहेका थिए । तल्लो ओठलाई माथिल्ला दाँतले टोकेर आफूलाई थाम्नुभो । बेडछेउ आएर एकछिन सलाइन पानीतिर हेर्नुभो अनि बाको अनुहार । सलाइन र सिरिन्ज ड्रअरमा राख्नुभो ।

म अझै झोक्काइरहेको थिएँ ।

पल्लो बेडकी आइमाईले मलाई टुलुटुलु हेरिरहेकी रैछ । उसले सोधी, “यी छोरा हुन् ?”

“हो”, आमा अलिकति मुस्कुराउनुभो, “आजै काठमान्डुबाट आको ।”

“कति वर्षका भएछन् ? लक्का जवान छन् ।”

“बाइस त लागे होला,” आमाले मेरो कपाल सुम्सुम्याउनुभो ।

मेरा आँखामा केही बिझाएजस्तो भयो । मैले आँखा मिचें । आइमाईले मतिर हेर्दै भनी, “बाबु, नरोऊ ।” यति भनेपछि पछ्यौराको टुप्पाले आफ्ना आँसु पुछी, उल्टो दिशा फर्केर ।

“दुब्लाइछस् त !” आमाले सोध्नुभो, “सहराँ रामरी खाए पो” !

फिस्स हाँसें ।

“कहिले खबर पाइस्, तेरा बा बिरामी भाको ?”

मैले सम्झें - साँझपख डेरा फर्कदा दैलोको ताल्चामा एउटा पर्चा खुज्मुजिएर झुन्डेको थियो । अक्षरहरू एकदमै बांगाटिंगा थिए -

*तुरुन्त कोहलपुर टिचिङ हस्पिटल जाने*
*ड्याडी बिरामी हुनुहुन्छ । २ : ३० मा फोन आएको थियो ।*

बुद्धिसागर, *कर्नाली ब्लुज*, २०६७ ।

(क) यस उद्धरणमा प्रस्तुत मुख्य विचार र पात्रहरूको सम्बन्धलाई मूल्याङ्कन गरी राय प्रस्तुत गर्नुहोस् ?

(ख) उक्त उद्धरणमा प्रयुक्त शैलीलाई औंल्याउँदै तिनले पाठको अर्थमा पारेको असरको मूल्याङ्कन गर्नुहोस् ।

**2.**

उनी अक्षर जान्दिनन्
तर सुन्दर कविताहरू लेख्छिन् ।
सबेरै अँध्यारालाई घरबाट खेदिसक्छिन्
घामले मझेरी र आँगन पोतिसक्छिन्
अँगेनामा न्यानो पोखिसक्छिन्
बिहानै घरभरि बिहान छिरिसक्छ
पूजाकोठामा बलेको धूप
आशीर्वादको महक बोकेर चोटाकोठा पुगिसक्छ
म ब्यूँझदा उनी घरभरि जीवन लेखिसक्छिन् ।

साना छोरीहरूको गालाको गुलाफ उनैले लेखेकी हुन्
कलिला ओठमा तोतेबोली उनैले लेखेकी हुन्
घरको उज्यालो उनैले लेखेकी हुन्
यी भरिभराउ नाङ्ला, डाला, भकारी र गोठ
उनैले लेखेका बिम्बहरू हुन्
करेसाबारीको हरियो गीत उनैको हो
गैरीखेतमा धानका बाला बजाएर
हावाले टिपी उड्ने सङ्गीत उनैको हो ।

यौटा मधुर लय हरदम उनीसितै हिँड्छ
उनीसँग ब्यूँझेर सरगम घर-आँगन फैलन्छ
उनी झरेका टाँकहरू, फाटेका लुगाहरू प्रेमको धागाले सिउँछिन्
फुर्सत रह्यो कि आँखामा फूलझैं सुहाउने सपनाहरू बुन्छिन्
मनजस्तै उडिरहेका परेवालाई चारो छरेर आँगनमा ओराल्छिन्
उनी नै हुन् जो रहरहरूलाई आशीर्वाद खुवाएर पाल्छिन् ।

मेरो यो सानो संसार लेख्ने उनी नै हुन्
जीवनको रङले कविता लेख्ने उनी नै हुन्
मेरो यो ओज, मेरो अनुहारको आभा लेख्ने पनि उनी नै हुन्
र नबिर्सी हरदिन एक पङ्क्ति म ज्यूँदो रहेको कुरा
गुराँसले सिउँदामा लेख्ने पनि उनी नै हुन् ।

मनु मन्जिल, "उनी कविता जीवनको रङले लेख्छिन्" *ल्याम्प-पोस्टबाट खसेको जून*, २०६८ ।

(क) यस कवितामा नारी पात्रलाई कसरी प्रस्तुत गरिएको छ अनि त्यसले तपाईंलाई कस्तो प्रभाव पारेको छ ?

(ख) यस कवितामा प्रयुक्त बिम्ब, प्रतीक र अलङ्कारहरूले कविताको अर्थमा कस्तो प्रभाव पारेका छन् ?